# प्रभु येशूका उखानहरू:
# बाइबल पाठ्यक्रम अध्ययन पुस्तिका
# भाग १ र २ का लागि

यस पुस्तिकालाई ध्यानपूर्वक अध्ययन गरी आफ्नो जवाफ उत्तर–पुस्तिकामा लेखीसकेपछि हाम्रो ईमेल वा हुलाक ठेगानामा पुनः प्रेशित गर्नुहोला ।

**(सबै मानिसहरूका लागि परमेश्वरको खुशीको समाचार)**

पाठकलाई दुइ–चार कुराहरू

यस पुस्तिकामा पवित्र बाइबल अर्थात् परमेश्वरको वचनबाट ठीक ठीक परिच्छेदसँग कतिपय उद्धरण लिइएका छन्। यस पुस्तिकाको सहयोगद्वारा तपाईंले उत्तरपुस्तिकामा आफ्ना जवाफहरू दिनसक्नुहुनेछ। तपाईंले स्वयम् बाइबल लिई पढ्नुहोस् भन्ने आग्रहपूर्वक सल्लाह दिन्छौं, किनभने बाइबल सारा मानिसजातिका निम्ति परमेश्वरको प्रकाश हो। यस पुस्तिकामा उद्धरण गरिएका बाइबल खण्डहरू के.जी.भी (KJV) अर्थात् किंग जेम्स् भर्सन अनुवाद संस्करणबाट लिइएको छ।



परमेश्वर बोलिरहनुभएको छ।

## दुइ थरीका घर बनाउनेहरू उखान

“यसकारण सबै फोहोरीपना र दुष्टताको भरपूरी हटाएर रोपिएको वचन नम्रतापूर्वक ग्रहण गर, जसले तिमीहरूका प्राणहरूलाई बचाउन सक्दछ।” याकूब १:२१

“अनि तिमीहरू किन मलाई ‘हे प्रभु, हे प्रभु’ भन्दछौ, र मैले भनेका कुराहरूचाहिँ पालन गर्दैनौ ? जो कोही मकहाँ आउँछ, अनि मेरा वचनहरू सुन्छ र तिनलाई पालन गर्छ, ऊचाहिँ कोजस्तो हो, म तिमीहरूलाई देखाउनेछु – ऊचाहिँ एउटा घर बनाउने मानिसजस्तो हो, जसले गहिरो गरी खन्यो र चट्टानमाथि जग बसाल्यो। अनि जब बाढ़ी चल्यो, तब त्यस घरलाई भेलले खूबै जोरले हान्यो, तर त्यसलाई हल्लाउन सकेन, किनकि त्यो चट्टानमाथि बसालिएको थियो। तर जसले सुन्छ र पालन गर्दैन, त्योचाहिँ यो मानिसजस्तो हो, जसले जगबिना माटोमाथि घर बनायो; जसलाई भेलले खूबै जोरले हान्यो, र तुरुन्तै त्यो ढल्यो; अनि त्यस घरको बरबादी ठूलो भयो।” लूका ६: ४६–४६।

“यसकारण होसियार होओ, तिमीहरू कसरी सुन्दछौ; किनभने जससँग छ, त्यसलाई दिइनेछ; र जससँग छैन, त्यसबाट त्यससँग जे भएको देखा पर्छ, त्यो पनि लगिनेछ।” लूका ८:१८

## बीउ छर्नेको उखान

उहाँले भन्नुभयोः “हो, तर तिनीहरू पो बरू धन्य हुन्, जसले परमेश्वरको वचन सुन्छन् र पालन गर्छन्।” लूका ११:२८
“कान थाप र मकहाँ आओ। सुन, ताकि तिमीहरूको प्राण जिओस्।” यशैया ५५:३

अनि जब धेरै मानिसहरू भेला भए, र शहर–शहरबाट उहाँकहाँ आए, तब उहाँले उखानहरूद्वारा बोल्नुभयोः "एउटा बीउ छर्ने मानिस आफ्नो बीउ छर्न निस्क्यो; अनि उसले बीउ छर्दाहुँदि कोही बाटोको किनारमा खस्यो; अनि कुल्चीमिल्ची भयो, र त्यसलाई आकाशका चराहरूले खाइदिए। अनि कोही चट्टानमाथि खस्यो; र उम्रनसाथ त्यो सुकिगयो, किनभने त्यसमा चिसोपन थिएन। अनि काँड़ाहरू त्यो सँग–सँगै बढ़े र त्यसलाई निसास्याइदिए।

अनि अरूचाहिँ असल जमिनमा खस्यो, र उम्रचो, अनि सय गुणा फल फलायो।" अनि यी कुराहरू भन्नुभएपछि उहाँ कराउनुभयोः "जसका सुन्नालाई कानहरू छन्, त्यसले सुनोस् !"

अब उखान यो होः बीउचाहिँ परमेश्वरको वचन हो। बाटोको किनारमा भएकाहरूचाहिँ ती हुन्, जसले सुन्छन्; तब शैतान आउँछ, र तिनीहरूले विश्वास नगरून् र मुक्ति नपाऊन् भनी तिनीहरूका हृदयबाट वचन लैजान्छ। चट्टानमाथि परेकाहरूचाहिँ ती हुन्, जसले वचन सुन्छन्, तब आनन्दपूर्वक वचन ग्रहण गर्छन्; अनि तिनीहरूका जरा हुँदैन्; जसले थोरै समयका निम्ति विश्वास गर्छन्, र परीक्षाको समयमा पछि हट्छन्। अनि काँड़ाहरूका बीचमा खसेकाहरूचाहिँ ती हुन्, जसले वचन सुन्छन्, र अघि बढ्दै जाँदा फिक्रीहरू, धनसम्पत्ति र यस जीवनका सुखविलासहरूद्वारा निसासिन्छन्, र कुनै फल सिद्धतामा ल्याइपुर्‍याउँदैन। तर असल जमिनमा परेकाहरूचाहिँ ती हुन्, जसले वचन सुनेर त्यसलाई भलो र असल हृदयमा सम्हालिराख्छन्, र धीरजसँग फल फलाउँछन्। लूका ८:५–८, ११–१५

"साँचो–साँचो म तिमीहरूलाई भन्दछु, जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुनेमाथि विश्वास गर्छ, ऊसँग अनन्त जीवन छ, र ऊ न्यायमा पर्नेछैन, तर मृत्युबाट जीवनमा सरिसकेको हुन्छ।" यूहन्ना ५:२४



## असल छिमेकीको उखान

अनि हेर, कुनै एकजना व्यवस्थाको गुरू उठे, र यसो भन्दै उहाँलाई परीक्षा गरेः "गुरूज्यू, अनन्त जीवनको अधिकारी हुनलाई म के गरूँ ?" उहाँले उनलाई भन्नुभयो : "व्यवस्थामा के लेखिएको छ ? तिमी कसरी पढ्छौ ?" अनि उनले जवाफ दिँदै भनेः "तिमीले आफ्ना परमेश्वर प्रभुलाई आफ्नो सारा हृदयले, आफ्ना सारा प्राणले, आफ्ना सारा बलले र आफ्नो सारा मनले प्रेम गर; अनि आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर।" अनि उहाँले उनलाई भन्नुभयोः "तिमीले ठीक उत्तर दिएका छौ; यही गर, र तिमी जिउनेछौ।" अनि उनले आफैलाई धर्मी ठहराउने इच्छा गरेर येशूलाई भनेः "अनि मेरो छिमेकीचाहिँ को हो ?" अनि येशूले जवाफ दिँदै भन्नुभयोः "कुनै एउटा मानिस यरूशलेमबाट येरिकोतिर झर्‍यो, र डाँकूहरूको बीचमा पर्‍यो, जसले त्यसका लुगाहरू खोलखाल पारे, अनि त्यसलाई घायल बनाए र अधमरो छोड़ेर गए। अनि संयोगवश कुनै एउटा पूजाहारी त्यही बाटो भएर झर्‍यो; र जब उसले त्यसलाई देख्यो, तब ऊ अर्कोपट्टिबाट तर्केर गयो। अनि त्यही प्रकारले एउटा लेवी पनि त्यस ठाउँमा आइपुग्यो, अनि आएर त्यसलाई हेर्‍यो, र अर्कोपट्टिबाट तर्केर गयो। तर कुनै एउटा सामरी यात्रा गर्दै–गर्दै त्यो भएको ठाउँमा आइपुग्यो; अनि त्यसलाई देखेर उसको मन दयाले भरियो, र त्यसकहाँ गएर त्यसका घाउहरू तेल र दाखमद्य खन्याएर बाँधिदियो; अनि त्यसलाई आफ्नै पशुमाथि बसालेर त्यसलाई एउटा पौवामा ल्यायो, र त्यसको सुसार गर्‍यो। अनि भोलिपल्ट, ऊ जाँदै गर्दा उसले दुई दीनार निकालेर पौवालीलाई दियो, र उसलाई भन्यो, 'उसको सुसार गरिदेऊ; र जे बढ़ी खर्च तिमीले गरौला, त्यो म फर्केर आउँदा तिमीलाई तिरिदिनेछु।' अब तिम्रो विचारमा, यी तीनजनामा कुनचाहिँ डाँकूहरूको बीचमा पर्ने मानिसको छिमेकी ठहरियो ?" अनि उनले भनेः "उही नै, जसले त्यसमाथि दया देखायो।" तब येशूले उनलाई भन्नुभयोः "जाउ, तिमीले पनि त्यस्तै गर।" लूका १०: २५–३७

यसैकारण अब हे इस्राएली हो, परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूबाट चाहनुभएका कुरा यी नै हुन्ः तिमीहरूले आफ्ना परमप्रभु परमेश्वरको डर मान, उहाँका सबै मार्गमा हिँड़, उहाँलाई प्रेम गर, आफ्ना सारा हृदय र प्राणले परमप्रभु तिमीहरूका परमेश्वरको सेवा गर, र तिमीहरूका हितको लागि मैले आज तिमीहरूलाई आदेश गरेका परमप्रभुका आज्ञा र विधिहरू मान।

किनकि परमप्रभु तिमीहरूका परमेश्वर नै ईश्वरहरूका परमेश्वर र प्रभुहरूका परमप्रभु, महान् परमेश्वर, शक्तिशाली र भययोग्य हुनुहुन्छ। उहाँले कसैको पक्षपात गर्नुहुन्न, र उहाँले कहिल्यै घूस लिनुहुन्न। उहाँले अनाथ र विधवाहरूलाई समर्थन गर्नुहुन्छ, र प्रवासीहरूलाई प्रेम गर्नुहुन्छ र उनीहरूलाई भोजन र वस्त्र दिनुहुन्छ। यसैकारण तिमीहरूले पनि प्रवासीहरूलाई प्रेम गर्नुपर्छ, किनकि मिश्रमा तिमीहरू पनि प्रवासी थियौ। व्यवस्था १०ः१२,१३,१७–१६

यसरी नै तिमीहरूले पनि जब तिमीहरूलाई अह्राइएका सबै कामहरू गरिसक्छौ, तब भन, 'हामी निकम्मा दास हौं, किनभने जे गर्ने हाम्रो कर्तव्य थियो, त्यही मात्र हामीले गरेका छौं।' लूका १७ः१०

## एउटा धनाढ्य मूर्खको उखान

अनि भीड़बाट एकजनाले उहाँलाई भन्योः "हे गुरूजी, मेरा दाजुलाई भनिदिनुहोस्, र उनले मसँग हकको सम्पत्ति बाँडून्।" अनि उहाँले त्यसलाई भन्नुभयोः "हे मानिस, कसले मलाई तिमीहरूमाथि न्यायकर्ता अथवा बाँड़िदिने ठहरायो ?" अनि उहाँले तिनीहरूलाई भन्नुभयोः "होसियार रहो ! र आफूलाई लोभबाट जोगाइराख; किनकि मानिसको जिन्दगीचाहिँ त्यससँग भएको सम्पत्तिको भरपूरीमाथि आधारित छैन।" अनि उहाँले तिनीहरूलाई यसो भन्दै एउटा उखान बताउनुभयो : "कुनै धनवान् मानिसको जमिनले प्रशस्तै उब्जनी दियो। अनि त्यसले यसो भन्दै मन–मनै विचार गरचो, 'म के गरूँ, किनकि



मसँग मेरा अन्न राख्ने ठाउँ नै छैन।' अनि त्यसले भन्यो, 'म यसो गर्नेछु; म मेरा ढुकुटीहरू भत्काउनेछु र झन् ठूला–ठूला बनाउनेछु; अनि त्यहाँ म मेरा सबै अन्न र मेरा मालहरू राख्नेछु। अनि म मेरो प्राणलाई भन्नेछु, "हे प्राण, तासँग धेरै वर्षका लागि राखिएका थुप्रै सम्पत्ति छन्; आराम गर्, खा, पी र आनन्द गर्।" तर परमेश्वरले त्यसलाई भन्नुभयो, 'हे मूर्ख, आज रात नै तेरो प्राण तँबाट फिर्ता लिइनेछ; तब ती थोकहरू, जो तैंले जोहो गरेको छस्, कसका हुनेछन् ?' जसले आफ्नौ निम्ति धन थुपार्दछ, तर परमेश्वरप्रति धनी छैन, त्यो यस्तै हुनेछ। लूका १२ः१३–२१

"आफ्ना निम्ति पृथ्वीमा सम्पत्ति नथुपार, जहाँ कीरा र खियाले नष्ट पार्दछन् – जहाँ चोरहरूले फोर्दछन् र चोर्दछन्; तर आफ्ना निम्ति सम्पत्ति स्वर्गमा थुपार, जहाँ न कीराले नष्ट पार्दछ न खियाले – जहाँ चोरहरूले न फोर्दछन् न चोर्दछन्। किनभने जहाँ तिमीहरूको सम्पत्ति छ, त्यहीं तिमीहरूको हृदय पनि हुनेछ।" मत्ती ६ः१६–२१

"यसकारण म तिमीहरूलाई भन्दछु हामी के खाऔंला वा के पिऔंला भनी आफ्ना प्राणका लागि साथै के पहिरौंला भनी आफ्ना शरीरका लागि तिमीहरू फिक्री नगर। के प्राण भोजनभन्दा र शरीर लुगाफाटाभन्दा बढी होइन र ?"

"किनकि अन्यजातिहरू यी सबै थोकहरूको खोज गर्दछन्; किनकि तिमीहरूलाई यी सबै खाँचो छ भनी तिमीहरूका स्वर्गीय पिताले जान्नुहुन्छ। तर पहिले परमेश्वरको राज्य र उहाँको धार्मिकताको खोजी गर, र यी सबै थोकहरू तिमीहरूलाई थपिनेछन्।" मत्ती ६ः२५,३२,३३।

## हराएको भेड़ाको उखान

तब उहाँको वचन सुन्नालाई सबै महसूल उठाउने र पापीहरू उहाँको नजिक–नजिक आए। अनि फरिसी र शास्त्रीहरू यसो भन्दै गनगनाएः "यस मानिसले पापीहरूलाई ग्रहण गर्छ र तिनीहरूसँग खान्छ।" अनि उहाँले यसो भन्दै तिनीहरूलाई यो उखान बताउनुभयोः

"तिमीहरूमध्ये कुनचाहिँ मानिस होला, जससँग एक सय भेड़ा छन्, र तीमध्ये एउटा हरायो भने उनान्सयलाई उजाड़स्थानमा छोड़ेर त्यस हराएकोलाई नभेट्टाउन्जेल त्यसको पछि लाग्दैन ? अनि त्यसलाई भेट्टाएपछि उसले रमाउँदै त्यसलाई आफ्ना काँधहरूमाथि राख्छ। र घरमा आएर उसले आफ्ना साथी र छिमेकीहरूलाई यसो भन्दै भेला गर्छ, 'मसँग आनन्द गर; किनकि मैले मेरो हराएको भेड़ा भेट्टाएको छु।' म तिमीहरूलाई भन्दछु, यसरी नै पश्चात्तापको खाँचो नभएको उनान्सय धर्मीहरूका निम्ति भन्दा पश्चात्ताप गर्ने एकजना पापीका निम्ति स्वर्गमा बढ़ी आनन्द हुनेछ। लूका १५:१–७

"...असल गोठालो म नै हुँ। असल गोठालोले भेड़ाहरूका निम्ति आफ्नो प्राण अर्पण गर्दछ।" यूहन्ना १०:११

## हराएको सिक्का उखान

"...अथवा कुनचाहिँ स्त्री होली, जससँग दस सिक्का छन्, र एउटा सिक्का हराई भने बत्ती बालेर घर बढ़ारी–बढ़ारी त्यसलाई नभेट्टाउन्जेल यत्न गरेर खोज्दिन ? अनि जब उसले त्यो भेट्टाउँछे, तब उसले आफ्ना साथी र छिमेकीहरूलाई यसो भन्दै भेला पार्छे, 'मसँग आनन्द गर; किनकि मैले हराएको त्यो सिक्का भेट्टाएकी छु।' म तिमीहरूलाई भन्दछु, यही प्रकारले पश्चात्ताप गर्ने एउटा पापीका निम्ति परमेश्वरका दूतहरूका सामु आनन्द हुनेछ।" लूका १५:८–१०

"किनभने मानिसका पुत्र हराएकाहरूलाई खोज्न र मुक्त गर्न आएका हुन्।" लूका १९:१०

## हराएको छोराको उखान

यसकारण तिनीहरूका बीचबाट निस्केर आओ, र अलग होओ, प्रभु भन्नुहुन्छ, अनि अशुद्ध कुरा नछोओ, र म तिमीहरूलाई ग्रहण गर्नेछु।



अनि म तिमीहरूका पिता हुनेछु, र तिमीहरू मेरा छोराहरू र छोरीहरू हुनेछौ, सर्वशक्तिमान् प्रभु भन्नुहुन्छ।

अनि उहाँले भन्नुभयोः "कुनै एउटा मानिसका दुइ छोरा थिए। अनि तीमध्ये कान्छोचाहिँले आफ्ना बाबुलाई भन्यो, 'पिताजी, सम्पत्तिको मेरो भागमा पर्ने अंश मलाई दिनुहोस्।' अनि उनले तिनीहरूलाई आफ्नो सम्पत्ति बाँड़िदिए। अनि धेरै दिन नबितीकनै त्यो कान्छा छोरा सबै थोक जम्मा पारेर टाढ़ो देशमा गयो, र त्यहाँ विलासी जीवन बिताएर आफ्नो सम्पत्ति उड़ायो। अनि त्यसले सबै खर्च गरिसकेपछि त्यस देशभरि ठूलो अनिकाल पर्‍यो, र त्यसलाई अभाव पर्न थाल्यो। अनि त्यो गएर त्यस देशको एउटा नागरिककहाँ टाँसियो; अनि उसले त्यसलाई आफ्ना खेतहरूमा सुँगुरहरू चराउन पठायो। अनि त्यसले सुँगुरहरूले खाएका ती कोसाहरूले आफ्नो पेट भर्ने लालसा गर्थ्यो, तर कसैले त्यसलाई दिँदैनथ्यो। जब त्यो होशमा आयो, तब त्यसले भन्यो, 'मेरा पिताका कति ज्यालादार नोकरहरूले उब्रोपाब्रो हुने गरी रोटी पाउँछन्, तर मचाहिँ भोकले नाश भइरहेछु। म उठेर मेरा पिताकहाँ जानेछु, र उहाँलाई भन्नेछुः "पिताजी, मैले स्वर्गको विरोधमा र तपाईंको दृष्टिमा पाप गरेको छु, र अब उसो तपाईंको छोरो भनिन लायकको म छैनँ; मलाई तपाईंका ज्यालादार नोकरहरूमध्ये एउटाझैं बनाउनुहोस्।" अनि उठेर त्यो आफ्ना बाबुकहाँ आयो। तर त्यो अझ धेरै टाढ़ामै हुँदा त्यसका बाबुले त्यसलाई देखे, र दयाले भरिए; अनि दगुरेर गई त्यसलाई अँगालो हाले, र त्यसलाई चुम्बन गरे। अनि त्यस छोराले उनलाई भन्यो, 'पिताजी, मैले स्वर्गको विरोधमा र तपाईंको दृष्टिमा पाप गरेको छु, र अबउसो तपाईंको छोरो भनिन लायकको म छैनँ।' तर बाबुचाहिँले आफ्ना दासहरूलाई भने, 'सबभन्दा बढ़िया पोसाक निकाल, र उसलाई पहिराइदेओ; अनि उसको हातमा औंठी र पाउहरूमा जुत्ता लाइदेओ। अनि पोसिएको पशु ल्याएर मार, अनि खाऔं, र आनन्द मनाऔं; किनभने मेरो यो छोरो मरेको थियो, र फेरि जीवित भएको छ; ऊ हराएको थियो, र पाइएको छ।' अनि तिनीहरू आनन्द मनाउन थाले। लूका १५:११–२४

दुष्टले आफ्नो बाटो र अधर्मीले आफ्नो विचार त्यागोस्, र परमप्रभुतिर फर्कोस्, र उहाँले त्यसमाथि कृपा गर्नुहुनेछ। हाम्रा परमेश्‍वरतर्फ त्यो फर्कोस्, र उहाँले त्यसलाई सित्तैंमा क्षमा गर्नुहुनेछ। यशैया ५५:७

यसकारण तपाईंहरूका पाप मेटिनका लागि पश्‍चात्ताप गर्नुहोस् र फर्कनुहोस्; तब प्रभुको उपस्थितिबाट शीतल पार्ने समयहरू आउनेछन्। प्रेरित ३:१९

## बाँझो अर्थात् फल नफलाउने रूखको उखान

अनि त्यसै बेला कतिजना त्यहाँ उपस्थित थिए, जसले उहाँलाई ती गालीलीहरूको विषयमा बताए, जसको रगत पिलातसले तिनीहरूकै बलिहरूसँग मिसाइदिएका थिए। अनि येशूले जवाफ दिँदै तिनीहरूलाई भन्नुभयोः "के ती गालीलीहरूले यस्ता कुराहरू भोग्नुपरेकाले तिनीहरूचाहिँ सबै गालीलीहरूभन्दा बढ्ता पापी रहेछन् भनी तिमीहरू सम्झन्छौ ? म तिमीहरूलाई भन्दछु, होइन; तर तिमीहरूले पश्‍चात्ताप गरेनौ भने तिमीहरू सबै त्यही प्रकारले नाश हुनेछौ। अथवा ती अठारजना, जसमाथि सिलोआमको धरहरा खस्यो, र तिनीहरूलाई मार्‍यो, के तिनीहरूचाहिँ यरूशलेममा बस्ने सबै मानिसहरूभन्दा बढ्ता पापी रहेछन् भनी तिमीहरू ठान्छौ ? म तिमीहरूलाई भन्दछु, होइन; तर तिमीहरूले पश्‍चात्ताप गरेनौ भने तिमीहरू सबै त्यही प्रकारले नाश हुनेछौं।"

उहाँले यो उखान पनि भन्नुभयोः "कुनै एकजना मानिसको, आफ्नो दाखबारीमा रोपिएको एउटा नेभाराको रूख थियो; अनि तिनी त्यसमा फल खोज्दै आए, र एउटै पनि पाएनन्। तब तिनले दाखबारीको मालीलाई भने, 'हेर, तीन वर्षदेखि म यस नेभाराको रूखमा फल खोज्दै आउँछु, तर एउटै पाउँदिनँ; यसलाई ढालिदेऊ; किन यसले जमिन बेकम्मा पार्ने ?' अनि त्यसले जवाफ दिँदै तिनलाई भन्यो, 'हे स्वामी, यो साल पनि, मैले यसको वरिपरि खनेर मल हालुन्जेल यसलाई रहन



दिनुहोस्। अनि यसले फल फलायो भने असल भयो; र फलाएन भने त्यसपछि तपाईंले यसलाई ढालिदिनुहोस्।'" लूका १३:६–९, यसकारण पश्‍चात्ताप लायकका फल फलाओ।

अनि अहिले पनि रूखहरूको जरामा बन्चरो राखिएको छ; यसकारण असल फल नफलाउने हरेक रूख काटेर ढालिन्छ र आगोभित्र फालिन्छ। मत्ती ३:८,१०

कतिले ढिलाइ भनी सम्झेझैं आफ्नो प्रतिज्ञाबारे प्रभु ढिलो गर्नुहुन्न; तर कोही पनि नष्ट नहोस्, तर सबैले पश्‍चात्ताप गरून् भन्ने इच्छा राखेर उहाँले हामीतर्फ धीरज देखाउनुहुन्छ। २ पत्रुस ३:९

किनभने परमेश्‍वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्नो एक मात्र जन्माइएको पुत्रलाई दिनुभयो – उहाँमाथि विश्‍वास गर्ने कोही पनि नष्ट नहोस्, तर उसले अनन्त जीवन पाओस्। यूहन्ना ३:१६

## घमण्डी मानिस र पश्‍चात्तापी मानिसको उखान

अनि उहाँले कतिलाई यो उखान बताउनुभयो, जसले हामी धर्मी छौं भन्दै आफैमाथि भरोसा गर्थे, र अरूलाई चाहिँ तुच्छ ठान्थेः "दुइजना मानिस माथि मन्दिरमा प्रार्थना गर्न गए; एउटा फरिसी थियो र अर्कोचाहिँ महसूल उठाउने। फरिसीले उभिएर मन–मनमा यसरी प्रार्थना गर्‍यो, 'हे परमेश्‍वर, म तपाईंलाई धन्यवाद दिन्छु, किनकि म अरू मनिसजस्तो – धुताहा, अधर्मी, व्यभिचारीहरू जस्तो छैनँ, न ता यो महसूल उठाउनेजस्तो नै छु। म हप्तामा दुइपल्ट उपवास बस्दछु; म जति कमाउँछु, ती सबैको दसौं अंश दिँदछु। अनि त्यो महसूल उठाउने टाढ़ैमा उभिएर आफ्ना आँखासम्म पनि स्वर्गतिर उठाउन चाहेन, तर यसो भन्दै आफ्नो छाती पिट्न थाल्यो, 'हे परमेश्‍वर, म पापीमाथि दया राख्नुहोस्।' म तिमीहरूलाई भन्दछु, त्यो अर्को होइन, तर यही नै मानिस धर्मी ठहरिएर तल आफ्नो घरतिर गयो; किनकि हरेक जसले

आफूलाई उचाल्छ, त्यो होचो पारिनेछ; र जसले आफूलाई होच्याउँछ, ऊ उच्च पारिनेछ।" लूका १८:६–१४

"...म धर्मीहरूलाई होइन, तर पापीहरूलाई पश्चात्तापका निम्ति बोलाउन आएको हुँ।" लूका ५:३२

"...किनभने परमेश्वरले घमन्डीहरूलाई विरोध गर्नुहुन्छ, तर नम्रहरूलाई अनुग्रह दिनुहुन्छ। यसकारण परमेश्वरको सामर्थी हातमुनि आफू–आफूलाई नम्र तुल्याओ, र ठीक समयमा उहाँले तिमीहरूलाई उच्च पार्नुहुनेछ। १ पत्रुस ५:५,६

## क्षमा गर्ने खाँचो

### क्षमा नगर्ने दासको उखान

तब पत्रुसले उहाँकहाँ आएर भनेः "हे प्रभु, मेरो भाइले मेरो विरोधमा कतिपल्ट पाप गरोस्, र म उसलाई क्षमा गरूँ ? के सातपल्टसम्म ?" येशूले उनलाई भन्नुयोः "म तिमीलाई 'सातपल्टसम्म' भन्दिनँ; तर सत्तरी गुणा सातपल्टसम्म। यसकारण स्वर्गको राज्यचाहिँ कुनै एउटा राजाजस्तो हो, जसले आफ्ना दासहरूबाट हिसाब लिने इच्छा गरे। अनि जब तिनले हिसाब लिन शुरू गरे, तब एकजना तिनीकहाँ ल्याइयो, जसलाई तिनको दस हजार टालेन्ट ऋण लागेको थियो। तर त्यससँग ऋण चुकाउने केही नभएकोले त्यसका मालिकले त्यो आफै, त्यसकी स्वास्नी, छोराछोरीहरू र त्यससँग भएका सबै चीजहरू बेचिऊन् र ऋण चुक्ता गरियोस् भनी हुकुम दिए। यसकारण त्यस दासले भुइँमा घोप्टेर यसो भन्दै तिनलाई दण्डवत् गऱ्योः 'हे प्रभु, मप्रति धीरज धर्नुहोस्, र म तपाईंलाई सबै तिरिदिनेछु।' तब त्यस दासका मालिक दयाले भरिए, र त्यसलाई छोड़िदिए, अनि त्यसलाई ऋण पनि माफ गरिदिए। तर त्यही दास बाहिर निस्क्यो र आफ्नो सङ्गी–दासहरूमध्ये एउटालाई भेट्टायो, जसलाई त्यसको एकसय दीनार ऋण लागेको थियो; अनि त्यसले त्यसलाई पक्रेर यसो भन्दै घोक्रो



अँठ्यायोः 'तँलाई लागेको ऋण मलाई तिरिहाल् !' तब त्यसको सङ्गी–दासले त्यसका पाउमा घोप्टो परेर यसो भन्दै त्यसलाई विन्ती गऱ्योः 'मप्रति धीरज धर्नुहोस्, र म तपाईंलाई सबै तिरिदिनेछु।' अनि त्यसले मानेन, तर गएर त्यसलाई झ्यालखानमा हालिदियो, जबसम्म त्यसले ऋण चुक्ता गर्दैन, तबसम्मका लागि। यसकारण त्यसका सङ्गी–दासहरू त्यो घटना देखेर साह्रै दुःखित भए, अनि गएर तिनीहरूले आफ्ना मालिकलाई सबै भएका घटनाहरू बताइदिए। तब त्यसका मालिकले त्यसलाई बोलाएर भनेः 'हे दुष्ट दास, तैंले मलाई विन्ती गरेको हुनाले मैले तँलाई त्यो सबै ऋण माफ गरिदिएँ। जसरी मैले तँलाई टिठ्याएँ, त्यसरी नै तैंले पनि आफ्नो सङ्गी–दासलाई टिठ्याउनुपर्ने थिएन र ?' अनि त्यसका मालिक रिसाए, र त्यसलाई सताउनेहरूका हातमा सुम्पिदिए, जबसम्म त्यसले तिनका सबै ऋण चुक्ता गर्दैन, तबसम्मका लागि। यसकारण तिमीहरूमध्ये हरेकले आफ्नो भाइलाई तिनीहरूका अपराधहरू आफ्नो हृदयबाट क्षमा गरेनौ भने मेरा स्वर्गीय पिताले पनि तिमीहरूलाई यस्तै गर्नुहुनेछ।" मत्ती १८:२१–३५

कसैले कसैको विरोधमा दोष दिने केही कुरा छ भने एक–अर्कालाई सहिदेओ र एक–अर्कालाई क्षमा गर; जसरी ख्रीष्टले तिमीहरूलाई क्षमा गर्नुभयो, उसरी नै तिमीहरूले पनि क्षमा गर। कलस्सी ३:१३

## तयारी हुन खाँचो

### दस कन्याको उखान

"यसकारण तिमीहरू पनि तयार बस; किनभने मानिसका पुत्र तिमीहरूले सोच्दै नसोचेको घड़ीमा आउँछन्।" मत्ती २४:४४

"तब स्वर्गको राज्य दसजना कन्याजस्तो हुनेछ, जो आफ्ना बत्तीहरू लिएर दुलहालाई भेट्न निस्के। अनि तिनीहरूमा पाँच बुद्धिमती र पाँच मूर्ख थिए। मूर्खहरूले आफ्नो बत्तीहरू त लिए तर आफूसित

तेलचाहिँ बोकेनन्। तर बुद्धिमतीहरूले आफ्ना बत्तीहरूसित आफ्ना भाँड़ाहरूमा तेल पनि बोके। तर दुलहाले ढिलो गर्दा ती सबै निद्राले लट्ठ भए, र निदाए। अनि मध्यरातमा कराएको आवाज आयो, 'हेर, दुलहा आउँदैछन्; उनलाई भेट्न निस्क !' तब ती सबै कन्या उठे, र आफ्ना बत्तीहरू मिलाए। अनि मूर्खहरूले बुद्धिमतीहरूलाई भनेः 'हामीलाई तिमीहरूका तेलबाट केही देओ न, किनकि हाम्रा बत्तीहरू निभ्दैछन्।' तर बुद्धिमतीहरूले यसो भन्दै जवाफ दिएः 'आहा, नत्र हामीहरू र तिमीहरूका लागि यथेष्ट हुँदैन, तर बरू बेच्नेहरूकहाँ जाओ, र आफ्ना निम्ति किन।' अनि तिनिहरू किन्न गएका बेलामा दुलहा आइपुगे, र तयार रहेकाहरू उनीसँग भित्र विवाहको भोजमा पसे; अनि ढोका थुनियो। त्यसपछि अरू कन्या पनि यसो भन्दै आइपुगेः 'हे प्रभु, हे प्रभु, हाम्रा निम्ति खोलिदिनुहोस् !' तर उनले जवाफ दिई भने, 'म तिमीहरूलाई साँचो भन्दछु, म तिमीहरूलाई चिन्दिना।' यसकारण जागा रहो; किनभने तिमीहरूलाई नता मानिसका पुत्रको आउने दिन, न ता घड़ी नै थाह छ।" मत्ती २५:१–१३

"जबसम्म परमप्रभुलाई पाउन सक्छौ उहाँलाई खोज। उहाँ नजीक हुनुहुँदा नै उहाँलाई भेट।" यशैया ५५:६

# निम्तो

## महाभोज

## ठूलो भोजको उखान

अनि उहाँसँग खान बस्नेहरूमध्ये एकजनाले यी कुराहरू सुन्यो, तब उसले उहाँलाई भन्योः "धन्य त्यो हो, जसले परमेश्वरको राज्यमा रोटी खानेछ।" तब उहाँले उसलाई भन्नुभयोः कुनै एउटा मानिसले एउटा ठूलो भोज लगाए, र धेरैलाई निम्तो दिए। अनि भोजको समयमा तिनले आफ्नो दासलाई ती निम्तो गरिएकाहरू कहाँ यसो भन्न पठाए, 'आओ, किनकि अब सबै कुराहरू तयार भएका छन्।' अनि तिनीहरू



सबैले एकै मतको भएर बिन्ती लाउन थाले। पहिलोले तिनलाई भन्यो, 'मैले एक टुक्रा जमिन किनेको छु, र मैले गएर त्यसलाई हेर्नै परेको छ; म तपाईंलाई विन्ती गर्दछु, मलाई माफ होस्।' अनि अर्कोले भन्यो, 'मैले पाँच हल गोरू किनेको छु, र म ती जाँच्न जान्छु; म तपाईंलाई विन्ती गर्दछु, मलाई माफ होस्।' अनि अर्कोले भन्यो, 'मैले स्वास्नी विवाह गरेको छु, यसकारण म आउन सक्दिदनँ।' यसकारण त्यो दास आयो र आफ्ना मालिकलाई ती कुराहरू बतायो। तब घरका मालिकले रिसाएर आफ्नो दासलाई भने, 'शहरका सड़क र गल्लीहरूहुँदो छिटो जाऊ, र गरिब, कूँजा, लङ्गड़ा र अन्धाहरूलाई यहाँ भित्र ल्याऊ।' अनि दासले भन्यो, 'हे प्रभु, तपाईंले आज्ञा गर्नुभएअनुसार गरियो, र अझै पनि ठाउँ छ।' अनि मालिकले त्यस दासलाई भने, 'मूल सड़कहरू र बारहरूहुँदो जाऊ, अनि तिनीहरूलाई भित्र आउन कर लगाऊ, र मेरो घर भरियोस्। किनकि म तिमीहरूलाई भन्दछु, ती निम्तो गरिएका मानिसहरूमध्ये कसैले पनि मेरो भोज चाख्नेछैन।'" लूका १४:१५–२४

अनि येशूले तिनीहरूलाई भन्नुभयोः "जीवनको रोटी म नै हुँ। जो मकहाँ आउँछ, ऊ कहिल्यै भोकाउनेछैन; अनि जसले ममाथि विश्वास गर्छ, ऊ कहिल्यै तिर्खाउनेछैन।"

"पिताले मलाई जतिजना दिनुहुन्छ, ती सबै मकहाँ आउनेछन्; अनि जो मकहाँ आउँछ, उसलाई म कुनै रीतिले आफल्नेछैना।" यूहन्ना ६:३५,३७

# न्याय

## विवाहको पोशाकको उखान

अनि येशूले जवाफ दिएर फेरि उखानहरूद्वारा यसो भन्दै तिनीहरूसित बोल्नुभयोः "स्वर्गको राज्यचाहिँ कुनै एउटा राजाजस्तो हो, जसले आफ्ना छोराका लागि विवाहको भोज तयार गरे; अनि जब राजा पाहुनाहरूलाई हेर्न भित्र आए, तब तिनले त्यहाँ विवाहको वस्त्र

नलगाएको एकजना मानिसलाई देखे। अनि तिनले त्यसलाई भनेः 'साथी, विवाहको वस्त्र नपहिरीकन तिमी कसरी यहाँ भित्र आयौ ?' अनि त्यो निरूत्तर भयो। तब राजाले सेवकहरूलाई भनेः 'त्यसका हात–खुट्टा बाँधेर त्यसलाई लैजाओ, र बाहिरपट्टिको अन्धकारभित्र फालिदेओ, जहाँ रूवाबासी र दाह्रा–किटाइ हुनेछन्।' किनभने बोलाइएकाहरू धेरै छन्, तर चुनिएकाहरू थोरै छन्।" मत्ती २२:१,२ ११–१४

"म परमप्रभुमा साह्रै आनन्दित हुन्छु। मेरो प्राणले मेरा परमेश्वरमा आनन्द मनाउँनेछ। किनकि उहाँले मलाई उद्धारको पोशाक लगाइदिनुभएको छ, र उहाँले मलाई धार्मिकताको वस्त्रले ढाक्नुभएको छ ..." यशैया ६१:१०।

## दाखबारीमा काम गर्ने दुष्ट किसानहरूको उखान

"अनि हामीले देखेका छौं र गवाही दिन्छौं – पिताले पुत्रलाई संसारका मुक्तिदाता हुनाका निम्ति पठाउनुभयो।" १ यूहन्ना ४:१४

"अर्को उखान सुन ! कुनै एकजना घरका मालिक थिए, जसले एउटा दाखबारी लगाए, र त्यसको वरिपरि बार हाले; अनि त्यसमा एउटा दाख पेल्ने कोल पनि खने, अनि एउटा मचान थापे; अनि किसानहरूलाई त्यो ठेक्कामा दिएर तिनीचाहिँ टाढ़ो देशमा गए। अनि जब फलको समय नजिक आयो, तब तिनले आफ्ना दासहरूलाई ती किसानहरूकहाँ त्यसका फल लिन पठाए। अनि ती किसानहरूले उनका दासहरूलाई पक्रेर एउटालाई पिटे, अर्कोलाई मारे, र अर्कोलाई ढुङ्गाले हाने। फेरी तिनले पहिलेकाहरूभन्दा बेसी अरू दासहरू पठाए; अनि तिनीहरूले उनीहरूलाई पनि त्यसै गरे। तर अन्तमा, 'तिनीहरूले मेरा छोरालाई आदर गर्नेछन् नै' भन्दै तिनले आफ्नै छोरालाई तिनीहरूकहाँ पठाए। तर जब किसानहरूले त्यस छोरालाई देखे, तब तिनीहरूले आपसमा कुरा गरे, 'हकवाला यही हो; आओ, यसलाई मारौं र यसको हकको सम्पत्ति हड़प गरौं।' अनि तिनीहरूले उनलाई पक्रे, र



दाखबारीबाट बाहिर फालिदिए अनि मारे। यसकारण अब त्यस दाखबारीका मालिक आउलान्, तब तिनले ती किसानहरूलाई के गर्लान् त ?" तिनीहरूले उहाँलाई भनेः "तिनले ती दुष्ट मानिसहरूलाई नराम्रो किसिमले नष्ट गर्नेछन् र आफ्नो दाखबारीचाहिँ अरू नै किसानहरूलाई ठेक्कामा दिनेछन्, जसले फलका समयहरूमा तिनलाई फल बुझाउनेछन्।" मत्ती २१:३३–४१

## प्रभु येशू ख्रीष्टलाई कसरी अस्वीकार गरेर मारे

जब बिहान भयो, तब सबै मुख्य पूजाहारीहरू र जनताका बूढ़ा प्रधानहरूले येशूलाई मार्नालाई उहाँको विरोधमा मतो गरे।
अनि तिनीहरूले उहाँलाई बाँधेर लगे, र उहाँलाई राज्यपाल पोन्तियस पिलातसकहाँ सुम्पिदिए।

पिलातसले तिनीहरूलाई भनेः "तब ख्रीष्ट भन्ने येशूलाई चाहिँ म के गरूँ ?" तिनीहरू सबैले तिनलाई भनेः "त्यो क्रूसमा टँगाइयोस् !" अनि राज्यपालले भनेः "किन ? उसले के कुकर्म गरेको छ र ?" तर तिनीहरू यसो भन्दै झन् बेसी चिच्च्याएः "त्यो क्रुसमा टँगाइयोस् ! "
अनि उहाँलाई गिल्ला गरिसकेपछि तिनीहरूले त्यो वस्त्र उहाँबाट फुकालिदिए, र उहाँको आफ्नै वस्त्रहरू उहाँलाई पहिराइदिए, अनि उहाँलाई क्रुसमा टाँग्न लगे। मत्ती २७:१,२,२२,२३,३१

अनि जब तिनीहरू खेपड़ी भनिने ठाउँमा आइपुगे, तब तिनीहरूले उहाँलाई र ती कुकर्मीहरूलाई त्यहाँ क्रुसमा टाँगे–एउटालाई दाहिनेपट्टि, र अर्कोलाई देब्रेपट्टि। तब येशूले भन्नुभयोः "हे पिता, तिनीहरूलाई क्षमा गर्नुहोस्; किनकि तिनीहरूले के गरिरहेका छन्, सो जान्दैनन्।" अनि तिनीहरूले उहाँका वस्त्रहरू भाग–भाग गरे, र गोला हाले। अनि ठूलो सोरले कराएर येशूले भन्नुभयोः "हे पिता, म मेरो आत्मा तपाईंको हातमा सुम्पन्छु;" र यसो भनेर उहाँले प्राण त्याग्नुभयो।
अनि हेर, यूसुफ नाम भएका एकजना सल्लाहकार थिए; तिनी असल र धर्मी मानिस थिए।

यी मानिस पिलातसकहाँ गए, र येशूको शरीर मागे। अनि त्यसलाई तल झारेर तिनले त्यसलाई सुती कपड़ामा लपेटे, र त्यसलाई चट्टानमा खोपिएको एउटा चिहानमा राखे, जसमा कहिल्यै कुनै मानिस राखिएको थिएन। लूका २३ः ३३,३४,४६,५०,५२,५३

अब हप्ताको पहिलो दिनमा, एकाबिहानै आफूले तयार पारेका सुगन्धित मसलाहरू लिएर तिनीहरू चिहानमा आए, र तिनीहरूको साथमा अरू पनि। अनि तिनीहरूले ढुङ्गा चिहानबाट गुड़ाएर हटाइएको भेट्टाए। अनि तिनीहरू भित्र पसे, र प्रभु येशूको शरीर भेट्टाएनन्। अनि यस्तो भयो–तिनीहरू यसको विषयमा एकदम अलमल्ल परिरहेका बेलामा हेर, चम्किला वस्त्र पहिरेका दुइजना मानिस तिनीहरूको छेवैमा उभिए। अनि तिनीहरूले डराएर आफ्नो चेहरा भुइँतिर झुकाउँदा उनीहरूले तिनीहरूलाई भनेः "तिमीहरू किन जिउँदालाई मरेकाहरूको बीचमा खोज्दछौ ? उहाँ यहाँ हुनुहुन्न, तर बौरेर उठ्नुभएको छ ! गालीलमा हुनुहुँदा उहाँले तिमीहरूसँग कसरी यसो भन्दै कुरा गर्नुभएको थियो, सम्झ ! 'मानिसका पुत्र पापी मानिसहरूका हातमा सुम्पिइनु, क्रुसमा टँगाइनु र तेस्रो दिनमा बौरेर उठ्नुपर्दछ।'" लूका २४:१–७

किनकि सबैभन्दा पहिले मैले तिमीहरूलाई त्यही कुरा सुम्पिदिएँ, जुन कुरा मैले पनि पाएको थिएँ; अर्थात् पवित्र–शास्त्रहरूमुताबिक ख्रीष्ट हाम्रा पापहरूका निम्ति मर्नुभयो, र गाड़िनुभयो, अनि पवित्र–शास्त्रहरूमुताबिक उहाँ तेस्रो दिनमा बौराइनुभयो। १ कोरन्थी १५ः ३–४

## माछा मार्ने जालको उखान

"फेरि, स्वर्गको राज्य समुद्रमा हालिएको एउटा महाजालजस्तो हो, जसले हरेक किसिमबाट बटुल्यो; त्यो भरिएपछि तिनीहरूले किनारमा तानेर ल्याए; अनि बसेर तिनीहरूले असल–असललाई भाँड़ाहरूभित्र जम्मा पारे, तर खराबजत्तिलाई फालिदिए। यस्तै नै संसारको अन्तमा



हुनेछ; स्वर्गदूतहरू आउनेछन्, र दुष्टहरूलाई धर्मीहरूका बीचबाट अलग पार्नेछन्, र तिनीहरूलाई आगोको भट्टीभित्र फालिदिनेछन्; त्यहाँ रूवाबासी र दाह्राकिटाइ हुनेछन्।" मत्ती १३:४७–५०

अनि मैले एउटा ठूलो सेतो सिंहासन र त्यसमाथि बस्नुहुनेलाई देखें, जसको सामुन्नेबाट पृथ्वी र आकाश भागे; अनि तिनीहरूका निम्ति कहीं ठाउँ पाइएन। अनि मैले दुवै साना र ठूला मरेकाहरूलाई परमेश्वरका सामु उभिरहेका देखें; अनि पुस्तकहरू खोलिए; अनि अर्को पुस्तक खोलियो, जो जीवनको पुस्तक हो। अनि ती पुस्तकहरूमा लेखिएका कुराहरूबाट मरेकाहरूको न्याय तिनीहरूका कामहरूअनुसार गरियो। अनि जसको नाम जीवनको पुस्तकमा लेखिएको पाइएन, त्यो आगोको झीलभित्र फ्याँकियो। प्रकाश २०:११,१२,१५

## मुक्तिको समय अहिले हो

"अनि मलाई पठाउनुहुनेको इच्छा यो छ–हरेक जन, जसले पुत्रलाई देख्छ र उनीमाथि विश्वास गर्छ, उसले अनन्त जीवन पाओस्; अनि म उसलाई अन्तिम दिनमा बौराएर उठाउनेछु।" यूहन्ना ६:४०

येशूले तिनलाई भन्नुभयोः "बाटो, सत्य र जीवन म नै हुँ; मद्वारा बाहेक कोही पनि पिताकहाँ आउँदैन।" यूहन्ना १४:६

"ढोका म नै हुँ, कोही मबाट भित्र पस्यो भने उसले मुक्ति पाउनेछ, अनि भित्र र बाहिर जानेछ, अनि खर्क पाउनेछ।" यूहन्ना १०:६

"असल गोठालो म नै हुँ। असल गोठालोले भेड़ाहरूका निम्ति आफ्नो प्राण अर्पण गर्दछ।" यूहन्ना १०:११

"हे सबै परिश्रम गर्ने र भारीले दबिएकाहरूहो, मकहाँ आओ, अनि म तिमीहरूलाई विश्राम दिनेछु।" मत्ती ११:२८

म उद्धारको कचौरा लिएर परमप्रभुको नाम पुकार्नेछु। भजनसंग्रह ११६:१३